नेपाली राजदूतावास
Embassy of Nepal
Bangkok, Thailand

## प्रेस बिज्ञप्ती

नेपालका राष्ट्रिय दिवशहरु नेपाल प्रवर्धन खाससगरी नेपालको पर्यटन, व्यापार तथा लगानी पर्वर्धन सहितका विविध कार्यक्रमहरू आयोजना गरी मनाउने उद्देश्य अनुसार नेपाली राजदूतावास वैङ्ककले आज मे २८, २०२४ मा थाइल्यार्ण्डमा नेपालको निर्यात प्रवर्धन हेतु नेपाल र थाइल्याण्डका उद्यमीहरू वीच एक व्यवशायीक छलफल तथा बैठक सहित गणतन्त्र दिवसको कार्यक्रम होटेल आमारी, वैङ्ककमा आयोजना गर्यो । उक्त कार्यक्रममा नेपाल तथा थाइल्याण्डका जडिबुटी उत्पादक, प्रशोधन तथा निर्यातक, अर्गानीक कृषि उत्पादक, कृषि तथा खाद्य प्रशोधन कम्पनीहरू, थाइल्याण्डमा नेपाली मूलका ब्यवशायीहरू गरी ६० (साठी) व्यवशायीक कम्पनीहरू साथै गैर आवाशीय नेपाली संघ, थाइ नेपाली संघ, नेपाल बायुसेवा निगमका प्रतिनिधहरु एवं स्थानीय संचारकर्मीहरुको सहभागीता रहेको थियो ।

उक्त कार्यक्रममा थाइल्याण्डका लागि नेपाली राजदूत धन बहादुर वलीले जडिबुटी तथा कृषि प्रशोधन लगायतका क्षेत्रमा लगानी र प्रविधिको माध्यमबाट नेपाल र थाइल्याण्ड वीच उत्पादन सृङ्खलाको विकास र संयुक्त बजार विस्तारमा ठूलो सम्भावना रहेको र ती अवसरहरूलाई कार्यस्तरमा विकास गर्न दुई देशका व्यवशायिहरू वीच निरन्तर छलफल तथा अन्तरकृया, सुचनाको आदान प्रदान फलदायी हुने विचार राख्नु भयो । साथै यस्ता कार्यमा व्यवशायीहरूलाई आवश्यक सहयोग गर्न राजदूतावास सधैं तत्पर रहेको जानकारि गराउनु भयो । उक्त अवसरमा नेपाल जडिबुटी उत्पादक तथा प्रशोधन कम्पनी लिमिटेडका महाप्रवन्धक श्री संगिता यादव र नेपाल निर्यातक महासंघका अध्यक्ष श्री पवन गोल्यानले नेपालमा जडीबुटिको उत्पादन, प्रशोधन, कृषि उत्पादन तथा प्रशोधनका सम्भावना र अवसरका बारेमा प्रश्तुती गर्नु भएको थियो ।

संक्षिप्त उद्घाटन सत्र पश्चात नेपाल थाइल्याण्डका व्यवसायीहरू वीच करिव तीन घंटाको व्यवशायीक छलफल तथा अन्तरकृया सञ्चालन भएको थियो ।

त्यसैगरी, गणतन्त्र दिवशका अवसरमा नेपाली राजदूतावास, बैककले आजै विहान राजदूतावास परिसरमा विभिन्न पेशा गरी थाइल्याण्डमा रहनु भएका नेपालीहरूको सहभागीतामा जलपान सहितको संक्षिप्त कार्यक्रम आयोजना गरेको थियो। उक्त अवसरमा महामहिम राजदूतले गणतन्त्र दिवस २०८१ को अवसरमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले दिनुभएको शुभ कामना सन्देश बाचन गर्नुभएको थियो । उहाँले गणतन्त्र दिवशले नेपालीहरूको आत्मसम्मान, आपसी सद्भाव, देशप्रेम र जनता प्रतिको कर्तब्य र निष्ठाको भावना थप मजवुत बनाउदै जाने धारणा राख्नु भयो ।

कार्यक्रमहरुमा राजदूतावासका उप नियोग प्रमुख श्री प्रकाश अधिकारीले स्वागत मन्तब्य राख्नुभएको थियो ।

नेपाली राजदूतावास, बैकक
१५ जेष्ठ २०८१

नेपाली राजदूतावास
बैकक

4/1 Soi 27, Pridi Banomyong, Sukhumvit 71 Road, Klong Ton,Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np; nepsecbkk@gmail.com, Website: th.nepalembassy.gov.np